राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक २४ २०८३ साउन २७ गते बुधवार (12 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

# राजकीय सम्मानका साथ साहित्यकार विमलको अन्त्येष्ठी, तीनै तहका सरकार सहभागी

दैनिक समाचारदाता

जनकपुरधाम, २६ साउन । भाषा, साहित्य र संस्कृतिका विशिष्ट साधक डा. राजेन्द्र विमललाई तीनै तहका सरकारका प्रतिनिधिसहित साहित्यिक तथा सामाजिक क्षेत्रका व्यक्तित्वहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका छन्।

विमलको अन्त्येष्टिमा संघीय संस्कृति, पर्यटन तथा नागरिक उययनमन्त्री खडकराज पौडेल, मधेश प्रदेशका सभामुख रामअशिष यादव, शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंह तथा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह सहभागी भए।

उनीहरू विमलको शवयात्रामा सहभागी हुँदै जनकचोकसम्म पुगेका थिए। जनकचोकमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, जनप्रतिनिधि, साहित्यकार, प्राध्यापक, शुभेच्छुक तथा सर्वसाधारणले उनलाई अन्तिम श्रद्धाञ्जली अर्पण गरे।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य मनिष झा, सभामुख यादव, संघीय मन्त्री पौडेल र जनकपुरधामका प्रमुख साहले विमलको निधनप्रति दुःख व्यक्त गर्दै उनको साहित्यिक तथा बौद्धिक योगदानको स्मरण गरे ।

श्रद्धाञ्जलीपछि उनको पार्थिव शरीरलाई अन्तिम संस्कारका लागि स्वर्गद्वारी लगिएको थियो । शवयात्रामा सहभागी ठूलो संख्याका साहित्यकार, शुभेच्छुक, आफन्त तथा सर्वसाधारणले भावुक हुँदै उनलाई अन्तिम बिदाइ गरे ।

नेपाल अधिराज्य भरिका साहित्यका, पत्रकार, कलाकार, साँस्कृतिक क्षेत्रका विद्वान, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजसेवीहरु, विद्यार्थी, शिक्षक लगायतले समाजिक सञ्जालमा श्रद्धाञ्जली अर्पण गर्दै स्मरण गरेका छन् ।

उहाँलाई राजकीय सम्मानका साथ अन्त्येष्ठी दिएको जनाइएको छ ।

मैथिली, नेपाली, अंग्रेजी तथा हिन्दी भाषाका विद्वान् विमलको सोमबार राति करिब १२ बजे जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा निधन भएको थियो।



केही वर्षदेखि हृदयसम्बन्धी समस्याबाट पीडित उनलाई पछिल्लो समय श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएको थियो। उपचारकै क्रममा उनको निधन भएको परिवारजनले जनाएका छन्।

जनकपुर र मिथिलाको सामाजिक, सांस्कृतिक तथा साहित्यिक जीवनलाई नेपाली साहित्यको मूल प्रवाहसँग जोड्न महत्वपूर्ण भूमिका खेलेका विमलको निधनले साहित्यिक तथा बौद्धिक क्षेत्रमा अपूरणीय क्षति पुगेको श्रद्धाञ्जलीमा सहभागीहरूले बताएका छन्।

## लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न रास्वपा सांसदको माग



दैनिक समाचारदाता

काठमाडौं, २६ साउन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद करिश्मा कठरियाले मधेश(थरूहट आन्दोलनका क्रममा भएका घटनाबारे छानबिन गर्न गठित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेकी छन्।

प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले आगामी ७ भदौभित्रै लाल आयोगको प्रतिवेदन सार्वजनिक गरी निर्दोष थारूहरूलाई अविलम्ब न्याय दिन सरकारको गम्भीर ध्यानाकर्षण गराइन्।

२०७२ साल ७ भदौमा टीकापुरमा भएको हिंसात्मक घटना थारू समुदाय र सिंगो देशका लागि अत्यन्तै दुःखद् र कालो दिन भएको उनले बताइन्। 'थारू र पहाडी समुदायबीच भड्काउ पैदा गरेर नरसंहार मच्चाउने पर्दापछाडिका दोषीहरू को थिए ?' उनले प्रश्न गरिन्।उक्त प्रश्न अझै अनुत्तरित रहेको भन्दै सांसद कठरियाले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेकी हुन्।

## विनय यादवको जीवनरक्षा गर्न मानव अधिकार आयोगको आग्रह

दैनिक समाचारदाता

काठमाडौं २६ साउन । राष्ट्रिय मानव अधिकार आयोगले १२ दिनदेखि आमरण अनशनमा रहेका विनय यादवको स्वास्थ्य अवस्थाप्रति संवेदनशील बन्न सरकारलाई आग्रह गरेको छ।




सुनसरीको देवानगञ्ज घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय र सरकारसँग भएका पुराना सहमति कार्यान्वयनको माग राख्दै यादव माइतीघरमा आमरण अनशनरत छन्। आयोगले गरेको अनुगमनका क्रममा लामो समयको अनशनका कारण यादवको शरीरमा सुगर र रक्तचाप घट्दै गएको तथा स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको पाइएको जनाएको छ।

अनशन सुरु भएको १२ दिन बितिसक्दा पनि सरकारका तर्फबाट स्वास्थ्य उपचार वा वार्ताका लागि कुनै पहल नभएको भन्दै आयोगले चिन्ता व्यक्त गरेको छ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा अनशनरत यादवको प्रभावकारी स्वास्थ्य उपचारको व्यवस्था गरी जीवनरक्षा गर्न तथा वार्तामार्फत समस्याको समाधान खोज्न नेपाल सरकारलाई विशेष आग्रह गरिएको छ।

## बालेन सरकारविरुद्ध भदौ २३ मा देशव्यापी प्रदर्शन गर्ने कमन जेनजीको घोषणा

दैनिक समाचारदाता

काठमाडौं २६ साउन । जेनजी आन्दोलन सुरु भएको झण्डै एक वर्ष पुग्न लाग्दा 'कमन जेनजी नेपाल'ले प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकार विरुद्ध पुनः सडक आन्दोलन गर्ने घोषणा गरेको छ।

संगठनका अध्यक्ष विकेश साहले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत सरकारको आलोचना गर्दै भदौ २३ गते 'फेक शासनविरुद्ध असल शासन' नारासहित देशव्यापी प्रदर्शन गर्ने घोषणा गरेका हुन्।

जेनजी आन्दोलनको मुख्य उद्देश्य सरकार परिवर्तन मात्र नभई 'समग्र सिस्टममा आमूल परिवर्तन' गर्नु रहेको साहले



बताएका छन्। तर केही 'छद्मभेषी र स्वार्थी समूह'ले आन्दोलनलाई हाइज्याक गरी केही पात्र र सरकार परिवर्तन गर्ने खेलमा सीमित पारेको उनले आरोप लगाए।


'आन्दोलनमा रगत बगाउने सहिद र घाइतेहरू सहाराविहीन बनेका छन्। बदलाव चाहने नेपाली जनता निराश भएका छन्,' विज्ञप्तिमा भनिएको छ।

कमन जेनजीले वर्तमान बालेन सरकारको चरित्र दमनकारी रहेको आरोपसमेत लगाएको छ। सुकुम्बासीको उठिबास, निर्दोष युवामाथि गोली चलाउने, संसद् र संवैधानिक संस्थाको मानमर्दन गर्ने तथा नागरिकका संवैधानिक अधिकार खोस्ने काममा सरकार लिप्त रहेको उसको आरोप छ।


त्यस्तै, चार महिना बित्दा पनि किसानले मल अभाव, मूल्यवृद्धि, कर आतङ्क र ग्यासको लाइनजस्ता समस्या भोगिरहेको भन्दै संगठनले जनताको समस्या समाधान गर्नुभन्दा सरकार 'काण्डै काण्डको शृङ्खला' रचना गर्नमा लागेको आरोप लगाएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# विधिको शासन अपरिहार्य

मधेश प्रदेशका सभामुख रामअशिष यादवले कानुनी राज्यको स्थापना र दण्डहीनताको अन्त्यबाट मात्रै समृद्ध समाज निर्माण गर्न सकिने बताएका छन्। उनको यो भनाइ मुलुकमा बढ्दो दण्डहीनता, कमजोर जवाफदेहिता र कानुनी शासनप्रतिको चुनौतीका सन्दर्भमा गम्भीर आत्मसमीक्षाको विषय हो।

लोकतन्त्रको अर्थ निर्वाचन र सरकार गठनमा मात्र सीमित हुँदैन। लोकतन्त्रको वास्तविक आधार विधिको शासन, मानव अधिकारको सम्मान, न्यायमा समान पहुँच र राज्यको जवाफदेहिता हो। कानुन उल्लंघन गर्ने व्यक्ति वा समूहलाई राजनीतिक प्रभाव, पहुँच वा शक्तिका आधारमा उन्मुक्ति दिने प्रवृत्तिले राज्य व्यवस्थामाथिको नागरिक विश्वास कमजोर बनाउँछ। अपराध गर्नेले सजाय नपाउने र पीडितले न्याय नपाउने अवस्था कायम रहनु दण्डहीनताको चरम रूप हो।

नेपालमा विभिन्न आन्दोलन, राजनीतिक संक्रमण तथा सामाजिक द्वन्द्वका क्रममा भएका हिंसा र मानव अधिकार उल्लंघनका घटनामा न्यायको प्रश्न अझै महत्वपूर्ण छ। राज्यका निकायले गम्भीर घटनामा निष्पक्ष अनुसन्धान र कानुनी कारबाही गर्न नसक्दा अपराधीको मनोबल बढ्ने र पीडितमा निराशा पैदा हुने गरेको छ। त्यसैले दण्डहीनताको अन्त्य भाषण र प्रतिबद्धतामा होइन, व्यवहारमै देखिनुपर्छ।

राज्यले अपराधीको राजनीतिक वा सामाजिक हैसियत नहेरी कानुनअनुसार अनुसन्धान, अभियोजन र सजायको सुनिश्चितता गर्नुपर्छ। कानुन सबैका लागि समान छ भन्ने अनुभूति नागरिकले व्यवहारमै गर्न सके मात्र विधिको शासन बलियो हुन्छ। यसका लागि न्यायपालिका, सुरक्षा निकाय, मानव अधिकारकर्मी र सञ्चार क्षेत्रको भूमिका पनि महत्वपूर्ण छ।

सभामुख यादवले पत्रकारिता र मानव अधिकारलाई एकअर्काका पूरकका रूपमा प्रस्तुत गर्नु सान्दर्भिक छ। स्वतन्त्र पत्रकारिताले राज्यका कमजोरी उजागर गर्छ भने मानव अधिकारकर्मीले नागरिक अधिकारको संरक्षणका लागि आवाज उठाउँछन्। यी दुवै क्षेत्र तथ्य र सत्यका पक्षमा निर्भीक रहन सके राज्यलाई जवाफदेही बनाउन सकिन्छ।

मानव अधिकारको दायरा वातावरण, प्रदूषण र न्यायका सवालसम्म विस्तार गर्नुपर्ने धारणा पनि समयसापेक्ष छ। स्वच्छ वातावरणमा बाँच्न पाउनु नागरिकको मौलिक अधिकारसँग जोडिएको विषय हो। वातावरणीय विनाश र प्रदूषणविरुद्धको अभियानलाई मानव अधिकारकै अभिन्न हिस्सा बनाउनु आवश्यक छ। संघीयतालाई आर्थिक भारभन्दा सामाजिक न्याय, समानता र विकासको माध्यमका रूपमा स्थापित गर्ने बहस पनि उत्तिकै आवश्यक छ। संघ र प्रदेशबीच अधिकार, स्रोत र जिम्मेवारीको स्पष्ट बाँडफाँट तथा प्रभावकारी समन्वय भए मात्र संघीयता जनमुखी बन्न सक्छ।

अन्ततः समृद्धिको आधार सडक, भवन र बजेट मात्र होइन, न्यायपूर्ण समाज र कानुनको समान कार्यान्वयन हो। राज्यले स्पष्ट सन्देश दिनुपर्छ–कानुनभन्दा माथि कोही छैन र अपराधका लागि उन्मुक्ति कसैलाई छैन।

# धृतराष्ट्रको कथा, बालेन्द्र र गगनको परीक्षा



सन्दिप पराजुली

महाभारत युद्ध किन भयो भन्ने प्रश्नको उत्तर खोज्दा इतिहासले सबैभन्दा ठूलो नैतिक जिम्मेवारी राजा धृतराष्ट्रमाथि राख्छ। भीष्म, द्रोण, शकुनि, दुर्योधन र युधिष्ठिर सबै आ-आफ्नो भूमिकामा थिए। कसैले सही सल्लाह दिए, कसैले गलत बाटो देखाए, कसैले मौनता अपनाए, कसैले अहङ्कार प्रदर्शन गरे। तर राज्यको सर्वोच्च नेतृत्व धृतराष्ट्रकै हातमा थियो। त्यसैले अन्तिम नैतिक जिम्मेवारी पनि उनकै काँधमा आयो।

श्रीकृष्णले अन्तिम क्षणसम्म युद्ध रोक्न अथक प्रयास गरे। पाण्डवहरूलाई आधा राज्य होइन, केवल पाँच गाउँ दिए पनि युद्ध टर्न सक्थ्यो। तर पुत्रमोह, सत्तामोह र निर्णयहीनताले त्यो अवसर गुमाए धृतराष्ट्रले। धृतराष्ट्रले आफ्ना निकटस्थहरूको अनुचित व्यवहार रोक्न सकेनन्। परिणामस्वरूप हस्तिनापुर विनाशको बाटोमा पुग्यो।

महाभारतको यो प्रसङ्गले एउटा गहिरो सत्य सिकाउँछ कि नेतृत्व भनेको केवल अधिकार प्रयोग गर्ने पद होइन, उत्तरदायित्व वहन गर्ने दायित्व पनि हो। सफलता आए त्यसको श्रेय नेतृत्वले पाउँछ भने असफलता, विभाजन र विनाश आए त्यसको सबैभन्दा ठूलो भार पनि नेतृत्वकै काँधमा पर्छ।

यसैले इतिहासले धृतराष्ट्रलाई केवल दृष्टिविहीन राजाका रूपमा होइन, आफ्नो कर्तव्य पूरा गर्न नसकेको नेतृत्वको प्रतीकका रूपमा सम्झिन्छ। इतिहासले अन्ततः व्यक्तिको होइन, नेतृत्वको मूल्याङ्कन गर्छ। यो शिक्षा आजको नेपालको राजनीतिमा पनि उत्तिकै सान्दर्भिक छ। कुनै पनि संस्थामा निर्णय केही व्यक्तिहरूले गरिरहेका होलान्, कोर टिमले रणनीति बनाइरहेको होला वा नजिकका सहयोगीहरूले नेतृत्वलाई प्रभावित गरिरहेका होलान्, तर अन्तिम मूल्याङ्कन नेतृत्वकै हुन्छ। इतिहासले कोर टिमका सदस्यहरूको सूची बनाउँदैन, नेतृत्वको नाम मात्र लेख्छ।

आन्दोलनपछि उत्पन्न भएको जनलहरका बिच प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वलाई नागरिकहरूले नयाँ राजनीतिक आशाका रूपमा स्वीकार गरेका हुन्। धेरैका लागि त्यो समर्थन केवल एउटा व्यक्तिप्रतिको विश्वास मात्र थिएन, बरु पुराना राजनीतिक अभ्यासको विकल्प खोज्ने जनचाहनाको अभिव्यक्ति पनि थियो। जनताको अपेक्षा स्पष्ट थियो कि लोकतान्त्रिक आचरण, विधिको शासन, पारदर्शी निर्णय प्रक्रिया र परिणाममुखी विकास।

तर कुनै पनि नेतृत्वको वास्तविक परीक्षा लोकप्रियतापछि सुरु हुन्छ। यदि नेतृत्वको वरिपरि रहेका कोर टिम वा निकट सहयोगीहरूबाट विधि विधानविपरीतका निर्णय, अपारदर्शी अभ्यास वा अलोकतान्त्रिक गतिविधि हुन थाले र नेतृत्व त्यसप्रति मौन बस्यो वा समयमै हस्तक्षेप गर्न सकेन भने जनविश्वास क्रमशः कमजोर हुँदै जान्छ। किनभने नेपाली जनताले सधैँ लोकतन्त्र, सुशासन र विकासलाई प्राथमिकतामा राखेका हुन्छन्। उनीहरूको विश्वास व्यक्ति वा समूहमा भन्दा लोकतान्त्रिक मूल्य र उत्तरदायी नेतृत्वमा हुन्छ।

यही कारणले नेतृत्वको वरिपरि भएका हरेक गतिविधिको अन्तिम नैतिक जिम्मेवारी नेतृत्वमै आइपुग्छ। इतिहासले कोर टिम, सचिवालय वा सल्लाहकारहरूको भूमिका छुट्टै लेख्दैन; त्यसले नेतृत्वको निर्णय र त्यसको परिणामलाई नै अभिलेख गर्छ।

प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्व पनि यही मापदण्डबाट मूल्याङ्कन हुनेछ। उहाँका सफल पहल र उपलब्धिको श्रेय स्वाभाविक रूपमा उहाँलाई नै जानेछ। त्यसैगरी, भविष्यमा नेतृत्वसँग जोडिएका कुनै गम्भीर कमजोरी, विधि विधान मिच्ने निर्णय वा अलोकतान्त्रिक अभ्यास देखिए भने त्यसको नैतिक र राजनीतिक जिम्मेवारी पनि अन्ततः उहाँमाथि नै आउनेछ। आज कोर टिम वा सचिवालयले गरेका निर्णयहरू भोलि इतिहासले छुट्टाछुट्टै होइन, नेतृत्वको निर्णयका रूपमा नै मूल्याङ्कन गर्नेछ। अन्ततः इतिहासले सहयोगीहरूको होइन, नेतृत्वको नाम नै सम्झिन्छ।

यही सिद्धान्त राजनीतिक दलहरूमा पनि लागू हुन्छ। नेपालका अधिकांश राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर भएको आलोचना वर्षौंदेखि हुँदै आएको छ। त्यसैले त्यस्ता दलहरूबाट लोकतान्त्रिक अभ्यासको उच्च अपेक्षा पनि क्रमशः घट्दै गएको देखिन्छ।

तर नेपाली कांग्रेसको सन्दर्भ अलि फरक छ। यसको स्थापना नै लोकतान्त्रिक मूल्य, बहुलवाद र संस्थागत अभ्यासको जगमा भएको हो। त्यसैले कांग्रेसप्रति जनताको अपेक्षा अन्य दलभन्दा स्वाभाविक रूपमा बढी रहन्छ। लोकतन्त्रको पक्षमा उभिने दलभित्रै विधि, विधान र आन्तरिक लोकतान्त्रिक संस्कार कमजोर भए त्यसले एउटा पार्टी मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीप्रतिको जनविश्वासलाई समेत असर पार्न सक्छ।

यसैकारणले गगन थापाको भूमिका सामान्य नेताको भन्दा फरक हुन पर्छ। उहाँलाई केवल नेपाली कांग्रेसका सभापति वा सम्भावित भावी नेतृत्वका रूपमा मात्र होइन, लोकतान्त्रिक राजनीतिको नयाँ पुस्ताको प्रतिनिधिका रूपमा पनि हेरिन्छ। त्यसैले उहाँका निर्णयहरूले पार्टीको आन्तरिक राजनीतिसँगै देशको लोकतान्त्रिक भविष्यमा पनि प्रभाव पार्ने क्षमता राख्छ।

उहाँमा ऊर्जा छ, नयाँ सोच छ र परिवर्तनको चाहना पनि देखिन्छ। तर इतिहासले ऊर्जा वा भाषणभन्दा परिणामलाई महत्त्व दिन्छ। लोकप्रियताभन्दा संस्थागत सुधार, नाराभन्दा व्यवहार र प्रतिबद्धताभन्दा कार्यान्वयनलाई इतिहासले अन्ततः मापन गर्छ।

यदि गगन थापाले पार्टीभित्र विधि, विधान र आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन सके, योग्य कार्यकर्तालाई अवसर दिन सके, गुटभन्दा संस्थालाई माथि राख्न सके र निर्णय प्रक्रियालाई पारदर्शी बनाउन सके भने त्यसको लाभ नेपाली कांग्रेसलाई मात्र होइन, नेपालको लोकतन्त्रलाई पनि पुग्नेछ। किनभने बलियो लोकतान्त्रिक दलले मात्र बलियो लोकतन्त्र निर्माण गर्न सक्छ।

यसैबिच अदालतले गगन थापाले स्थापना गरेको महाधिवेशनसम्बन्धी संरचनाको वैधता परीक्षणका लागि पुनरावलोकनको अनुमति दिएको छ। अब दुवै पक्षले लचकता र संवादको बाटो अपनाई सबैको हित हुने समाधानमा पुग्न सके त्यसलाई सभापतिको सफल नेतृत्व र पार्टी एकताको सकारात्मक उदाहरणका रूपमा लिन सकिनेछ।

तर यसको ठिक विपरीत अवस्था सिर्जना भयो भने परिणाम गम्भीर हुन सक्छ। यदि पार्टी एकताका लागि आवश्यक निर्णयहरू निरन्तर टारिँदै गए, सीमित व्यक्तिहरूको प्रभाव बढ्दै गयो, योग्य र इमानदार कार्यकर्ताहरू निरुत्साहित भए, नेतृत्व आफ्नै घेराभित्र सीमित रह्यो र गलत निर्णयहरूलाई मौन समर्थन गरियो भने त्यसको राजनीतिक तथा नैतिक जिम्मेवारी अन्ततः नेतृत्वमाथि नै आउनेछ।

महाभारतको सबैभन्दा ठूलो शिक्षा यही हो कि कुनै पनि संस्था वा राष्ट्रको भविष्य अन्ततः नेतृत्वको विवेक, साहस र निर्णय क्षमताले निर्धारण गर्छ। धृतराष्ट्रको दोष केवल पुत्रमोह थिएन, समयमै सही निर्णय लिन नसक्नु, गलतलाई रोक्न नसक्नु र मौन सहमति दिनु पनि थियो। त्यसैले इतिहासले हस्तिनापुरको विनाशको अन्तिम जिम्मेवारी उनैमाथि राख्यो।

आजको नेपालको राजनीतिमा पनि यही मापदण्ड लागू हुन्छ। बालेन सरकार होस् वा राजनीतिक दलहरू, लोकतन्त्रको वास्तविक शक्ति व्यक्ति होइन, संस्था हो। संस्थाभन्दा व्यक्ति, विधिभन्दा गुट र लोकतान्त्रिक संस्कारभन्दा व्यक्तिगत स्वार्थ हावी भयो भने त्यसको मूल्य अन्ततः राष्ट्रले चुकाउनुपर्छ।

यस अर्थमा गगन थापासामु केवल नेतृत्व प्राप्त गर्ने अवसर मात्र छैन, नेतृत्वको नयाँ मानक स्थापित गर्ने ऐतिहासिक अवसर पनि छ। यदि उहाँले पार्टीभित्र विधि, विधान, आन्तरिक लोकतन्त्र, पारदर्शिता र एकतालाई व्यक्तिगत वा समूहगत स्वार्थभन्दा माथि राख्न सक्नुभयो भने त्यो नेपाली कांग्रेसका लागि मात्र होइन, नेपालको लोकतान्त्रिक भविष्यका लागि पनि दूरगामी उपलब्धि हुनेछ।

तर आवश्यक निर्णयहरू टारिए, संस्थाभन्दा समूह प्रभावशाली बन्दै गयो र मौनताले गलत अभ्यासलाई संरक्षण गर्‍यो भने त्यसको राजनीतिक र नैतिक जिम्मेवारी पनि अन्ततः नेतृत्वमै आइपुग्नेछ।

इतिहासले कसले कस्तो सल्लाह दियो वा कोर टिममा को-को थिए भन्ने खोज्दैन बरु नेतृत्वले कुन निर्णय गर्‍यो भन्ने कुरा सम्झिन्छ। नेतृत्वको वास्तविक परीक्षा संकटको समयमा हुन्छ, र त्यही परीक्षाको नतिजाले भविष्यको इतिहास लेख्छ। महाभारतको सन्देश पनि यही हो, र आजको नेपालको राजनीतिका लागि पनि यही सबैभन्दा सान्दर्भिक शिक्षा हो। साभारः रातोपाटीडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# राजेन्द्र विमलको निधन, साहित्य जगत् शोकमा

जनकपुरधाम, २६ साउन। नेपाली, मैथिली र हिन्दी भाषाका साहित्यकार, भाषाविद् तथा त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक डा. राजेन्द्र विमलको निधन भएको छ।

७९ वर्षको उमेरमा मंगलबार बिहान प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका क्रममा उनको निधन भएको परिवारले जनाएको छ।

उनका कान्छा छोरा विभाष लाभका अनुसार सोमबार राति करिब साढे ११ बजेसम्म परिवारसँग कुराकानी गरिरहेका विमल अचानक अस्वस्थ भएका थिए। तत्काल प्रादेशिक अस्पताल लगिए पनि उपचारकै क्रममा उनको निधन भएको हो।

उनको पार्थिव शरीर जनकपुरधाम उपमहानगरपालिका-१०, देवीचोकस्थित निवासमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिएको छ। उनको मंगलबार दिउँसो ३ बजे जनकपुरधामस्थित स्वर्गद्वारीमा अन्त्येष्टि गरिने परिवारले जनाएको छ।

विमलको निधनसँगै नेपाली तथा मैथिली साहित्यको लामो र सक्रिय साहित्यिक यात्राको एउटा अध्याय समाप्त भएको छ। विशेषगरी जनकपुरधाम र मिथिलाको सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनलाई नेपाली साहित्यको आख्यानमा स्थापित गर्ने साहित्यकारका रूपमा उनको विशिष्ट पहिचान थियो।

### *जनकपुरको माटोबाट साहित्यिक यात्रासम्म*

डा. विमलको जन्म सन् १९४७ मार्च २६ मा खिरखिरिया गाउँमा भएको थियो। बाल्यकालदेखि नै साहित्यप्रति रुचि राख्ने उनले किशोरावस्थामै लेखन सुरु गरेका थिए। करिब १५-१६ वर्षको उमेरमा उनको मैथिली कथा 'मुइल बच्चा' 'मिथिला मिहिर'मा प्रकाशित भएको विवरण छ।

जनकपुर, मिथिला र मधेशको सामाजिक जीवन, मानिसका दुःख-सुख, राजनीतिक परिवर्तन, सामाजिक विसङ्गति, असमानता तथा सीमान्तकृत समुदायका आवाज उनका रचनाका प्रमुख विषय थिए।

### *चार दशकभन्दा लामो प्राध्यापन*

विमल विसं २०२९ सालदेखि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको अध्यापनमा जोडिएका थिए। चार दशकभन्दा लामो समय उनले विशेषगरी मिथिलाका मैथिलीभाषी विद्यार्थीलाई नेपाली भाषा र साहित्य पढाए।

उनले पद्मकन्या क्याम्पस काठमाडौं, महेन्द्र मोरङ क्याम्पस विराटनगर तथा रामसागर रामस्वरूप क्याम्पस जनकपुरमा समेत अध्यापन गरेका थिए।

भाषाविज्ञानमा विद्यावारिधि गरेका विमल नेपाली, मैथिली र हिन्दी भाषाका अध्येता थिए।

### *नेपाली र मैथिली साहित्यमा योगदान*

विमलले नेपाली र मैथिली दुवै भाषामा कथा, कविता, गजल, नाटक र समालोचनालगायत विधामा कलम चलाए।

नेपाली साहित्यमा 'राजेन्द्र विमलका कथाहरू', 'खहरेको तिर्खा', 'मिथिलाको इतिहास, संस्कृति र कला परम्परा', 'गद्य, पद्य र नाटक' तथा बालसाहित्यतर्फ 'फिस्टी रानी'लगायत कृति प्रकाशित छन्। मैथिली भाषामा 'इतिहासक घाओ', 'पचास वर्ष मैथिली कथा', 'ई हमरे कथा थिक', 'सूर्यास्तसँ पहिने', 'सीता', 'नौटंकी चलिरहल अछि' र 'दोहाइ बाबा भुँइयाँ'लगायत कृति प्रकाशित छन्।

उनका रचनामा सामाजिक विकृति, राजनीतिक विसङ्गति, गरिबी, उत्पीडन, विभेद र सीमान्तकृत समुदायका समस्या प्रमुख रूपमा आएका छन्।

### *'लङ्का दहन'देखि 'रातो पासपोर्ट'सम्म*


विमलका 'लङ्का दहन' र 'पोस्टमार्टम' चर्चित कथामध्ये पर्छन्। 'लङ्का दहन' स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समेत समावेश भएको थियो।

'रातो पासपोर्ट' लगायत कथामा राजनीतिक विकृति र सार्वजनिक जीवनका विसङ्गतिमाथि तीखो व्यङ्ग्य पाइन्छ। हास्य-व्यङ्ग्यसँगै सामाजिक आलोचना उनको लेखनको विशेषता थियो।

उनका रचनाले मधेशलाई भौगोलिक पृष्ठभूमिका रूपमा मात्र प्रस्तुत नगरी त्यहाँका मानिसका सामाजिक सम्बन्ध, आकांक्षा, पीडा, संघर्ष र राजनीतिक चेतनालाई नेपाली साहित्यको मूल प्रवाहसँग जोड्ने प्रयास गरेका थिए।

### *आञ्चलिक लेखनमा जोड*

विमलको साहित्यिक चिन्तनमा आञ्चलिक लेखनको विशेष स्थान थियो। आफू जन्मिएको, हुर्किएको र बसेको ठाउँको जीवनलाई लेखनको विषय बनाउनुपर्ने उनको धारणा थियो।



उनका लागि आञ्चलिक साहित्य राष्ट्रिय साहित्यको विपरीत नभई त्यसलाई अझ समृद्ध बनाउने आधार थियो। जनकपुर र मिथिलाको जीवन नेपाली साहित्यमा पर्याप्त रूपमा नआएको महसुस गर्दै उनले स्थानीय समाज र जीवनलाई साहित्यमा अभिव्यक्त गर्ने अभियान चलाएका थिए।

यसरी उनले जनकपुर र मिथिलाको साहित्यिक भूगोललाई राष्ट्रिय साहित्यिक नक्सामा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याए।

### *साहित्यलाई समाज बोल्ने माध्यम मान्थे*

विमल साहित्यलाई मनोरञ्जनमा मात्र सीमित गर्न नहुने र समाजसँग संवाद गर्ने माध्यम बनाउनुपर्ने मान्यता राख्थे। समाजमा संकट आउँदा साहित्यकारले बोल्नुपर्ने उनको धारणा थियो।

उनका रचनामा तत्कालीन राजनीतिक तथा सामाजिक घटनाप्रति आलोचनात्मक दृष्टि देखिन्छ। 'ऐंजेरु' कथाले मधेश आन्दोलनको राजनीतिक सन्दर्भ उठाएपछि केही मधेशवादी नेताहरू असन्तुष्ट बनेको उनले एक अन्तर्वार्तामा बताएका थिए। तर आफूले समाजमा देखेको यथार्थलाई साहित्यमा उतारेको उनको तर्क थियो।

पछिल्लो समय साहित्यमा बढ्दै गएको बजारवाद र उपभोक्तावादप्रति पनि उनी आलोचनात्मक थिए। लोकप्रियताको नाममा तत्काल बजारमा बिक्ने साहित्यभन्दा सामाजिक जिम्मेवारीसहितको लेखनलाई उनले प्राथमिकता दिएका थिए।

### *'जगदम्बा-श्री'देखि 'मधुपर्क सम्मान'सम्म*

नेपाली भाषा र साहित्यमा पुऱ्याएको योगदानका लागि डा. विमललाई 'जगदम्बा-श्री २०६६' बाट सम्मान गरिएको थियो। मिथिला क्षेत्रमा मैथिलीभाषी विद्यार्थीलाई नेपाली भाषामा शिक्षित गराउँदै नेपाली भाषामा विभिन्न ग्रन्थ सिर्जना गरी नेपाली वाङ्मयलाई समृद्ध बनाएको योगदानका लागि उनलाई उक्त सम्मान प्रदान गरिएको थियो।

त्यस्तै, मधेश भूमिको जीवन र परिवेशलाई नेपाली आख्यानमा प्रस्तुत गरेको योगदानका लागि उनलाई 'मधुपर्क सम्मान २०७६' बाट सम्मान गरिएको थियो। नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले पनि उनलाई साहित्य क्षेत्रमा योगदानका लागि सम्मान गरेको थियो।

उमेरले ७९ वर्ष पुगिसके पनि उनी पछिल्ला समयसम्म साहित्यिक तथा बौद्धिक गतिविधिमा सक्रिय थिए। विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुँदै उनले नेपाली साहित्यलाई विश्वस्तरमा पुऱ्याउनुपर्ने आवश्यकता औँल्याउँदै आएका थिए।

### *एउटा साहित्यिक युगको अवसान*

डा. राजेन्द्र विमलको निधनसँगै जनकपुरले आफ्नो एउटा महत्वपूर्ण बौद्धिक आवाज गुमाएको छ। शिक्षक, प्राध्यापक, भाषाविद्, कथाकार, कवि, गजलकार, नाटककार, समालोचक तथा सांस्कृतिक अभियन्ताका रूपमा उनले नेपाली र मैथिली साहित्यमा विशिष्ट योगदान पुऱ्याए।

जनकपुरको माटोबाट सुरु भएको उनको यात्रा त्रिभुवन विश्वविद्यालयको प्राध्यापन हुँदै नेपाली र मैथिली साहित्यको राष्ट्रिय परिवेशसम्म फैलियो। आफ्नै माटो, समाज र मानिसका कथा लेख्दै उनले मिथिला र मधेशको जीवनलाई नेपाली साहित्यको मूल प्रवाहसँग जोड्ने काम गरे।


उनले छाडेका साहित्यिक कृति, अध्यापनबाट तयार पारेका पुस्ता र जनकपुर-मिथिलाको जीवनलाई साहित्यमा स्थापित गर्ने उनको योगदान नै उनको दीर्घकालीन स्मृति बनेर रहनेछ।

# जनकपुरधामले लक्ष्यभन्दा ३ करोड बढी राजस्व उठायो

दैनिक समाचारदाता

जनकपुरधाम, २५ साउन। जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा रु. ३ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

बक्यौता असुलीलाई प्राथमिकता दिँदै कर सङ्कलनमा कडाइ गरेपछि राजस्व सङ्कलनमा वृद्धि भएको उपमहानगरपालिकाले जनाएको छ।



उपमहानगरपालिकाले गत आर्थिक वर्षमा रु. १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। तर, लक्ष्यभन्दा रु. ३ करोड २२ लाख बढी अर्थात् कुल रु. २० करोड ३७ लाख १ हजार ५५९ राजस्व सङ्कलन भएको राजस्व शाखाले जनाएको छ।

यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा पनि रु. ३ करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो। आव २०८१/८२ मा रु. १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु. १६ करोड ६४ लाख ७८ हजार ९३३ सङ्कलन भएको थियो।

उपमहानगरपालिकाका अनुसार आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु. ५ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु. २१ लाख २६ हजार ४५३ असुली भएको छ। त्यस्तै, सम्पत्ति करबाट रु. ५ करोड ६१ लाख ५ हजार ३३१ र बहाल करबाट रु. ५ करोड ७५ लाख ३९ हजार ६४४ सङ्कलन भएको छ।

नक्सापास दस्तुरबाट रु. ३ करोड ३७ लाख ८१ हजार, सिफारिस दस्तुरबाट रु. १ करोड ३४ लाख ९५ हजार ८९६ तथा बहाल बिटौरी करबाट रु. ९२ लाख ३२ हजार २०० राजस्व प्राप्त भएको छ।

त्यसैगरी, व्यवसाय करबाट रु. ५१ लाख ५० हजार ३४७, अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ६८ लाख ३४ हजार ९३४ तथा अन्य सेवा शुल्क तथा बिक्रीबाट रु. २९ लाख ६८ हजार ४७५ सङ्कलन भएको उपमहानगरपालिकाले जनाएको छ।

परीक्षा शुल्कबाट रु. १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु. ५ लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड तथा जरिवानाबाट रु. ११ लाख ५ हजार ५६३ र सरकारी सम्पत्ति बिक्रीबाट रु. १५ लाख राजस्व प्राप्त भएको छ।

उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाका अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउनुका साथै करदातालाई नियमित कर तिर्न प्रोत्साहित गरिएकाले राजस्व सङ्कलनमा उल्लेख्य सुधार आएको हो।

उनले आगामी दिनमा पनि बक्यौता कर असुलीलाई प्राथमिकतामा राख्दै राजस्वको दायरा विस्तार गर्ने र कर प्रशासनलाई थप व्यवस्थित बनाउने तयारी भइरहेको बताए।




विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# नयाँ यातायात व्यवस्था ऐन ल्याउँदै सरकार

दैनिक समाचारदाता
काठमाडौं २६ साउन । यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले यातायात क्षेत्रलाई थप व्यवस्थित, सुरक्षित र प्रविधिमैत्री बनाउन सरकारले नयाँ 'यातायात व्यवस्था ऐन' ल्याउन लागेको बताएका छन्।

'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को उद्घाटन कार्यक्रममा बोल्दै पोखरेलले नयाँ ऐनको मस्यौदा तयार भइसकेको जानकारी दिए। संघीयता कार्यान्वयनसँगै यातायात क्षेत्रमा भित्रिएका नयाँ प्रविधिलाई सम्बोधन गर्न विद्यमान ऐन पर्याप्त नभएकाले नयाँ कानुन आवश्यक परेको उनले बताए।



सरकारले हालै 'राष्ट्रिय यातायात नीति, २०८३' कार्यान्वयनमा ल्याएको जानकारी दिँदै उनले नीतिले एकीकृत यातायात प्रणाली, यातायात सेवाको डिजिटलाइजेसन र डिजिटल मोबिलिटीलाई प्राथमिकता दिएको बताए।

उनका अनुसार सरकारले सार्वजनिक तथा निजी सवारीसाधनमा जीपीएस ट्र्याकिङ, सीसीटीभी क्यामेरा र आपत्कालीन घण्टी (इमर्जेन्सी बेल) जस्ता प्रविधि अनिवार्य गर्ने तयारी गरिरहेको छ। राइड सेयरिङ तथा डिजिटल मोबिलिटीलाई व्यवस्थित गर्ने तयारीसमेत भइरहेको उनले बताए।

सवारीसाधनको फिटनेस परीक्षण र प्रदूषण स्टिकर वितरणलगायत सेवामा सार्वजनिक(निजी साझेदारी (पीपीपी) मोडल अपनाउने विभागको योजना रहेको पोखरेलले जानकारी दिए। यसबाट यातायातसम्बन्धी सेवा प्रवाह थप सहज र प्रभावकारी हुने विभागको अपेक्षा छ। त्यसैगरी पुराना डिजेल तथा पेट्रोल सवारीसाधनलाई विद्युतीय (ईभी) वा हाइड्रोजन सवारीमा रूपान्तरण (कन्भर्जन) गर्न आवश्यक मापदण्ड निर्माणका लागि अध्ययन भइरहेको उनले बताए। सवारीसाधन आयातका लागि नयाँ राष्ट्रिय मापदण्ड बनाउने तयारीसमेत भइरहेको उनले जानकारी दिए। 'नयाँ यातायात व्यवस्था ऐनको मस्यौदा तयार भइसकेको छ। नयाँ प्रविधि र संघीय संरचनाअनुसार जीपीएस, सीसीटीभी, इमर्जेन्सी सिस्टम, राइड सेयरिङ तथा डिजिटल मोबिलिटीलाई व्यवस्थित गर्ने तयारी भइरहेको छ,' उनले भने।

समग्रमा यातायात क्षेत्रलाई प्रविधिमैत्री, सुरक्षित, वातावरणमैत्री र व्यवस्थित बनाउने दिशामा सरकार अघि बढिरहेको पोखरेलले बताए। आगामी दिनमा सरकार र निजी क्षेत्रबीच सहकार्य गरी अर्थतन्त्रलाई गतिशील बनाउन तथा रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरे।

# १८ लाखदेखि ३ करोडसम्मका गाडी

दैनिक समाचारदाता
काठमाडौं २६ साउन । 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६'मा १८ लाखदेखि ३ करोड रुपैयाँसम्मका गाडी प्रदर्शनीमा राखिएका छन्। सम्बन्धित कम्पनीले सार्वजनिक गरेको मूल्यसूचीअनुसार चारपाङ्ग्रे यात्रुवाहक सवारीसाधनको मूल्यको दायरा १८ लाखदेखि झन्डै ३ करोड रुपैयाँसम्म रहेको हो। काठमाडौंको भृकुटीमण्डपमा मङ्गलबारदेखि सुरु भएको एक्स्पोको पहिलो दिन नै अवलोकनकर्ताको घुइँचो लागेको छ। ५५ भन्दा बढी ब्रान्डको सहभागिता रहेको एक्स्पोमा ग्राहकले आफ्नो बजेट र आवश्यकताअनुसार विभिन्न मोडलका गाडीको अवलोकन तथा बुकिङ गरिरहेका छन्।




विशेषगरी नयाँ प्रविधि र विद्युतीय सवारीसाधन (ईभी) को दबदबा रहेको प्रदर्शनीमा १८ लाखदेखि झन्डै ३ करोड रुपैयाँसम्मका गाडी राखिएका छन्। गाडीका डिजाइन, फिचर तथा सहुलियतपूर्ण ऋण सुविधाबारे जानकारी लिन अवलोकनकर्ताको उत्साह देखिएको छ।

*१८ देखि ३० लाखसम्मका गाडी*

कार खरिद गर्ने सपना बोकेका तर सीमित बजेट भएका ग्राहकलाई लक्षित गर्दै एक्स्पोमा विभिन्न सस्ता विद्युतीय गाडी प्रदर्शनीमा राखिएका छन्। प्रदर्शनीमा सबैभन्दा सस्तो गाडीका रूपमा हेनरी भोल्ट रहेको छ। यसको मूल्य १८ लाख ५० हजारदेखि २२ लाख ५० हजार रुपैयाँसम्म तोकिएको छ।

त्यस्तै, छुटसहित बोमा ईभी २० लाख रुपैयाँ र एमजीको कमेट ईभी २१ लाख ५० हजार रुपैयाँमा उपलब्ध छन्। २५ लाख रुपैयाँ आसपासको बजेट भएका ग्राहकका लागि काइयी ई-क्युट र जेनएक्सटीजस्ता ब्रान्डका गाडी उपलब्ध छन्।

नेपाली बजारमा लोकप्रिय मानिएको टाटा टियागो ईभी २८ लाख ९९ हजार र पन्च ईभी ३१ लाख ९९ हजार रुपैयाँमा उपलब्ध छन्। यी दुवै मोडलमा एक्स्पो अवधिभर १ लाख रुपैयाँ छुटको व्यवस्था गरिएको छ।

*३० लाखदेखि १ करोडसम्म आकर्षण*

मध्यम वर्गीय तथा पारिवारिक प्रयोजनका लागि रुचाइने ३० लाखदेखि १ करोड रुपैयाँसम्मका गाडीको विविधता एक्स्पोमा सबैभन्दा धेरै देखिन्छ। यस मूल्य समूहमा बीवाईडीका एट्टो १, २ र ३ का नयाँ भर्सन आकर्षणको केन्द्र बनेका छन्। यी मोडलको मूल्य ३० लाख ७५ हजारदेखि ७८ लाख रुपैयाँसम्म तोकिएको छ।

यसैगरी, लिपमोटरका नयाँ मोडल टी०३, बी०३एक्स र बी१०, ओमोडाका ई५ प्रो र जे५, वुलिङ, एमजी विन्डसर तथा हेक्टर, जिडब्लुएमको ओरा ५ र चेरी क्यू३ लगायतका गाडी प्रदर्शनीमा छन्।

महिन्द्राले ६० लाख रुपैयाँभन्दा माथिको एक्सईभी नाइन एस तथा ५७ लाख रुपैयाँदेखि सुरु हुने बीई सिक्सका विभिन्न प्याकेज सार्वजनिक गरेको छ। नयाँ ब्रान्डका रूपमा नेपाली बजारमा प्रवेश गरेका आईकार, प्रोटोन र वाइसले पनि अवलोकनकर्ताको ध्यान खिचेका छन्।

*३ करोडसम्मका प्रिमियम गाडी*

प्रिमियम तथा लक्जरी गाडी खोज्ने ग्राहकका लागि पनि एक्स्पोमा विभिन्न आकर्षक मोडल प्रदर्शनीमा राखिएका छन्। प्रदर्शनीमा सबैभन्दा महँगो गाडीमध्ये डेन्जा बी५ रहेको छ, जसको मूल्य २ करोड ९७ लाख रुपैयाँ तोकिएको छ।

त्यसैगरी, म्याक्सस मिफा सेभेनको मूल्य २ करोड ४५ लाख, एमजी म्याजेस्टरको २ करोड ५० लाख र टोयोटा ल्याभफोर हाइब्रिडको २ करोड १३ लाख रुपैयाँ तोकिएको छ।

एक करोड रुपैयाँभन्दा माथिको मूल्य समूहमा बाइसको बीजे३०ई र टोयोटाको हाइलक्स पनि प्रदर्शनीमा राखिएका छन्।

यसबाहेक, यात्रुवाहक सवारीसाधनसँगै विभिन्न व्यावसायिक सवारीसाधनसमेत एक्स्पोमा प्रदर्शन गरिएको छ। क्यारी, स्काईवर्थका भ्यान तथा ५ लाख रुपैयाँ छुटसहित १ करोड १४ लाख रुपैयाँ पर्ने डोङफेङ ईभी बस प्रदर्शनीमा राखिएका छन्।

*न्यूनतम ५.२५ प्रतिशत ब्याजमा कर्जा*

साउन ३१ गतेसम्म सञ्चालन हुने एक्स्पोमा गाडी खरिद गर्न चाहने ग्राहकका लागि बैंकहरूले सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराएका छन्। नाइमा एक्स्पोका व्यावसायिक साझेदार ग्लोबल आईएमई बैंक, एनएमबी बैंक र सिद्धार्थ बैंकले बेसरेटमा न्यून प्रिमियम जोडेर सवारी कर्जा उपलब्ध गराइरहेका छन्।

ग्लोबल आईएमई बैंकले ५.२५ प्रतिशत, एनएमबी बैंकले ५.६८ प्रतिशत र सिद्धार्थ बैंकले ६.१३ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने भएपछि एक्स्पोमा गाडी बुकिङ गर्ने ग्राहकको उत्साह थप बढेको आयोजकले जनाएको छ।

व्यक्तिगत प्रयोजनका सवारीसाधनमा ६० प्रतिशतसम्म तथा यात्रुवाहक र व्यावसायिक सवारीसाधनमा ८० प्रतिशतसम्म कर्जा सुविधा उपलब्ध हुने व्यवस्था गरिएको छ।

# अपराधीलाई सार्वजनिक रूपमा कोर्रा हान्ने कानुन बनाउन हर्कराज राईको प्रस्ताव



दैनिक समाचारदाता
काठमाडौं २६ साउन । श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले देशमा व्याप्त बेथिति, भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्न अपराधीलाई सार्वजनिक रूपमा कोर्रा हान्ने कानुन बनाउन प्रस्ताव गरेका छन्।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै सांसद राईले विद्यमान कानुनी प्रक्रिया झन्झटिलो र 'सेटिङ'मा चल्ने गरेको भन्दै कडा सजायको व्यवस्था गर्न माग गरे।

अपराधीलाई पक्राउ गर्ने, छानबिन गर्ने र पुनः 'सेटिङ'मा छाड्ने प्रवृत्तिले देश बर्बाद भएको उनले बताए।

'मेरोतेरो नभनीकन फटाहालाई क्न्यापभ्याप पारेर हानौँ न कोर्राले । त्यस्तो कानुन बनाऔँ, यही हो कानुन बनाउने ठाउँ,' राईले भने।

मायाले छानबिन र सोधपुछ गरेर अपराधी नसुनि दाबी गर्दै उनले बेथितिको समूल अन्त्यका लागि कोर्रा नै अन्तिम विकल्प भएको बताए।

राईले देशको सुरक्षा अवस्था र प्रधानमन्त्रीको कार्यशैलीप्रति पनि प्रश्न उठाए। प्रधानमन्त्रीले छिमेकी मुलुकसँगको सीमा विवादका विषयमा दिएको अभिव्यक्ति राष्ट्रहितविपरीत रहेको उनको आरोप थियो।

'हामी कस्तो देशमा छौँ, जहाँ प्रधानमन्त्री नै भन्छन् हामीले छिमेकीको सीमा मिचेका छौँ। यहाँ न सुरक्षा छ, न न्याय, न सेवासुविधा,' उनले भने।

देशमा कोही पनि सुरक्षित नरहेको भन्दै राईले सांसदहरूले समेत असुरक्षित महसुस गरिरहेको बताए।

# मन्त्रिपरिषद्का पाँच निर्णय सार्वजनिक



दैनिक समाचारदाता
काठमाडौं, २६ साउन ।
सरकारले मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका पाँच मुख्य निर्णय सार्वजनिक गरेको छ।

सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले बैठकका निर्णय सार्वजनिक गरेका हुन्।

मन्त्रिपरिषद्ले नेपालमा पैठारी वा उत्पादन हुने विद्युतबाट सञ्चालित एम्बुलेन्स र शववाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क तथा मूल्य अभिवृद्धि कर (भ्याट) पूर्ण रूपमा छुट दिने निर्णय गरेको छ।

त्यस्तै, सुनसरी र सिराहामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका चार जनालाई शहीद घोषणा गर्ने निर्णय गरेको छ। शहीद घोषणा हुनेमा सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रविन्द्रकुमार मेहता र सिराहाका गणेशकुमार यादव छन्।

मन्त्रिपरिषद्ले पोर्चुगल सरकारलाई काठमाडौंमा काउन्सिलर कार्यालय खोल्न सहमति दिने निर्णयसमेत गरेको छ।

त्यसैगरी, वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशकमा बाराका निर्मलकुमार उप्रेतीलाई नियुक्त गर्ने निर्णय गरेको छ।

पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा ढङ्गालको संयोजकत्वमा गठित एनसेलको सेयर खरिद( बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४